प्रति साधारण शेयर रु.१००/– अंकित दरका २,६०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ८, ९ र ११, मागपौवा गा.वि.स. वडा नं. ५ र काटाकुटी गा.वि.स. वडा नं. ६ का बासिन्दाहरुको निमित्त निष्काशन गरिएको ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता : १,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

नेपाल हाइड्रो डेभलोपर लिमिटेड
Nepal Hydro Developer Limited

डिल्लीबजार–३३, काठमाडौं, नेपाल
फोन नं: ९७७–०१–४४४११३१, ४४४१४४४
इमेल: info@charnawatihydro.com, वेभसाइट: www.charnawatihydro.com
को

आव्हान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति :	२०७३/०८/२६ गते
निष्काशन बन्द हुने मिति (छिटोमा):	२०७३/०९/१० गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा):	२०७३/१०/०२ गते (बैंकिङ्ग समय पश्चात्)

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/०७/०३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/७/१०

१. कम्पनीको नाम : नेपाल हाइड्रो डेभलोपर लिमिटेड (Nepal Hydro Developer Limited)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस नेपाल हाइड्रो डेभलोपर लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०५/२९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७१/०३/३१ गते पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३३ डिल्लीबजारमा रहेको छ । सम्बन्धित निकाएको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

४. जलबिद्युत केन्द्र :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु समेत दोलखा जिल्ला भिमेश्वर न.पा. वडा नं ८, ९ र ११, मागपौवा गा.वि.स. वडा नं. ५ र काटाकुटी गा.वि.स. वडा नं. ६ मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु: :

- यस कम्पनी २०६३/०५/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७१/०३/३१ गते पब्लिक लिमिटेडमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।
- हाल यस कम्पनीमा ८ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।
- कम्पनीले चर्नावती खोलामा आयोजना निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमतीपत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति वि.सं.२०६७/०८/१७ गते प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०२/०८/१६ गतेसम्म बहाल रहनेछ ।
- यस कम्पनीको प्रबन्धपत्रमा व्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७५ प्रतिशत शेयर "क" बर्गका संस्थापक शेयरधनी तथा २५ प्रतिशत "ख" वर्गका सर्वसाधारणहरु मध्ये, १० प्रतिशत उद्योग प्रभावित क्षेत्र दोलखा जिल्लामा स्थायी बसोबास रहेको आयोजना प्रभावित क्षेत्र (भिमेश्वर न.पा. वडा नं. ८, ९ र ११, मागपौवा गा.वि.स. वडा नं. ५ र काटाकुटी गा.वि.स. वडा नं. ६) भित्र पर्ने नेपाली नागरिकलाई र १५ प्रतिशत सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको ब्यबस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र)का बासिन्दाहरुलाई छुट्याइएको जारी पूँजी मध्येको १० प्रतिशत साधारण शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँड गरे पश्चात मात्र सर्वसाधारणको लागी छुट्याइएको जारी पूँजी मध्येको १५ प्रतिशत साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।
- कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको दोलखा जिल्लाको भिमेश्वर न.पा. वडा नं. ८, ९ र ११, तथा मागपौवा गा.वि.स. वडा नं. ५ र काटाकुटी गा.वि.स. वडा नं. ६ मा ३.५२ मेघावाट क्षमताको चर्नावतीखोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ ।
- कम्पनीले निर्माण गरेको चर्नावतीखोला जलबिद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६७ साल बैशाख १३ गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८ साल माघ २४ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता २०६९ साल कार्त्तिक २२ गते सम्पन्न भैसकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।
- चर्नावती खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ३.५२ मेघावाट रहेको र उक्त निर्माण कार्य सम्पन्न भई मिति २०७०/०२/२४ गतेदेखि विद्युतको ब्यापारिक उत्पादन प्रारम्भ गरिएको छ । यस कम्पनीको आयोजनाको कुल लागत रु.६७,२४,८७,९३५.८४ र प्रति मेगावाट उत्पादन लागत रु.१९१,०४७,७०९.०४५ रहेको छ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका (संशोधन समेत) मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :

- चर्नावती खोला जलविद्युत आयोजनाबाट वार्षिक २,०३,८३,४६८ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि १,६१,२६,६१५ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ४२,५६,८५४ किलोवाट घण्टा निर्धारण गरिएको छ ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैया मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.७.०० (सात रुपैया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिलाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

आर्थिक वर्ष	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD)	७.००	४.००
COD पछिको पहिलो आर्थिक वर्ष	७.२१	४.१२
COD पछिको दोश्रो आर्थिक वर्ष	७.४२	४.२४
COD पछिको तेश्रो आर्थिक वर्ष	७.६३	४.३६
COD पछिको चौथो आर्थिक वर्ष	७.८४	४.४८
COD पछिको पाँचौ आर्थिक वर्ष	८.०५	४.६०
COD पछिको छैठौं आर्थिक वर्ष	८.२६	४.७२
COD पछिको सातौं आर्थिक वर्ष	८.४७	४.८४
COD पछिको आठौं आर्थिक वर्ष	८.६८	४.९६
COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म	८.८९	५.०८

माथिका तालिका वि.सं. २०७१/०७/१३ गतेका दिन संशोधन भएकोले संशोधित विद्युत खरीद दर "सुचिकृत दर" सम्बन्धी मूल्यवृद्धि निम्न तालिकामा व्यवस्था निम्नानुसार हुनेछ ।

अवधी PCOD र COD बिचका ढिला भएको दिन अन्तरपछिको मिति देखि PCOD बाट सात वर्षसम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो मानी अवधी गणना हुनेगरी	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सुविधा सम्झौताको अधिनमा रही विल भुक्तानी गर्ने महिनासम्म	९.६६	५.५२

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा मिति २०७१/०७/१३ मा भएको विद्युत खरीद बिक्री सम्झौता (संशोधित) को दफा १२.१ मा उल्लेख भए अनुसार माथि दोश्रो तालिकामा उल्लेखित संशोधित विद्युत खरीद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही जलविद्युत उत्पादन कारोवार गर्ने यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रशारण तथा वातावरणको सम्भाब्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने गराउने ।
(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको संचालन गरी विद्युत उत्पादन गर्ने ।
(ग) उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने ।
(घ) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रशारण तथा वितरण लाइन निर्माण गर्ने, संचालन गर्ने ।
(ङ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।
(च) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरि विविध क्षमताका विद्युत उत्पादन गर्ने ।
(छ) नेपालमा विद्युत उत्पादन गर्नका लागि समबन्धीत क्षेत्रमा लगानी गर्ने ।
(ज) विदेशी उपकरण तथा प्रविधिक जनशक्ति समेतको व्यवस्था गर्ने ।
(झ) नेपाल विद्युत प्राधिकरण तथा अन्य निजी क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा लिई वा खरीद गरि विद्युत सेवा संचालन गर्ने र सामुदायिक रुपमा विद्युत वितरणको कार्य गर्ने ।
(ञ) नेपालका नदी नाला, छहराहरुको अध्ययन, अनुसन्धान गर्ने र विस्तृत सर्वेषण गर्ने ।
(ट) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरुसंग सम्पर्क गरी कार्य गर्ने ।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१. **अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.६०,००,००,०००/- (अक्षरेपी साठ्ठी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
२. **जारी पूँजी :** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.२६,००,००,०००/- (अक्षरेपी छब्बिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले २६,००,००० (छब्बिस लाख) थान शेयरमा विभाजन गरिएको छ ।
३. **चुक्ता पूँजी :** कम्पनीले आफ्नो जारी पूँजी मध्ये १९,५०,००० (अक्षरेपी उन्नाइस लाख पचास हजार मात्र) थान शेयर बापतको प्रति शेयर रु.१००/- का दरले जम्मा रकम १९,५०,००,०००/- (अक्षरेपी उन्नाइस करोड पचास लाख मात्र) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी ६,५०,००० थान शेयर सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत रु.२,६०,००,०००/- (अक्षरेपी दुई करोड साठ्ठी लाख रुपैया मात्र) बराबरको शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.२२,१०,००,०००/- (अक्षरेपी बाइस करोड दश लाख रुपैया मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्याइएको रु.३,९०,००,०००/- (अक्षरेपी तीन करोड नब्बे लाख रुपैया मात्र) बराबरको पूरै शेयर निष्काशन भएपछि कम्पनीको चुक्त पूँजी रु.२६,००,००,०००/- (अक्षरेपी छब्बिस करोड रुपैया) हुनेछ ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूजीको संरचना :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१९,५०,०००	७५%	१९,५०,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु स्थानिय र सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	६,५०,०००	२५%	६,५०,००,०००/-	"
	जम्मा	२६,००,०००	१००%	२६,००,००,०००/-	शतप्रतिशत

नोट: स्थानीय र सर्वसाधारणहरलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

८. आधारभूत/संस्थापक/संचालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्वन्धित वा अन्य)
१	श्री ज्ञानेन्द्र लाल प्रधान डिल्लीबजार-१५, काठमाडौं	कार्यकारी अध्यक्ष	५५	नेपाली	४,३८,७५०	स्नातक (बि.ई.)	■ सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष भई कार्य गरिरहेको ■ बुटवल पावर कम्पनीमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव ■ भिमरुक हाइड्रो पावर प्लान्टमा अध्यक्षको रुपमा कार्यानुभव ■ नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव ■ खुदी हाइड्रो लिमिटेडमा अध्यक्षको रुपमा कार्यानुभव ■ सामाजिक संघ संस्था तथा समाज सेवाको कार्यमा संलग्न ■ FNCCI, इनर्जी कमीटी, अध्यक्ष ।
२	श्री पशुपती मुरारका प्रशुती मार्ग, थापाथली, काठमाडौं	सञ्चालक	५१	नेपाली	२,४३,७५०	स्नातक (बि.कम.)	■ अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ ■ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योगमा संलग्न ■ प्रबन्ध निर्देशक, मुरारका ग्रुप ■ सञ्चालक, एनएमबि क्यापिटल लिमिटेड ■ कुमारी बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव ■ विभिन्न कर्पोरेट सामाजिक जिम्मेवारीहरुमा संलग्न ■ सदस्य, लायन्स क्लब काठमाडौं ।
३	श्री देव किशन मुन्दडा विराटनगर-९, मोरङ्ग	सञ्चालक	६५	नेपाली	२,४३,७५०	स्नातक (बि.कम.)	■ अध्यक्ष, देवेनरा ग्रुप ■ विभिन्न संयुक्त उद्यममा संलग्न ■ विभिन्न सामाजिक संघसंस्थाहरुमा सञ्चालकको रुपमा कार्यरत रही सामाजिक कार्यमा संलग्न ।
४	श्री आनन्द प्रसाद पोखरेल लोकन्थली-१६, भक्तपुर	संस्थापक		नेपाली	१,९५,०००	स्नाकोत्तर (ग्रामिण विकास र समाजशास्त्र)	■ संसदको सदस्य नेपाल सरकार (ई.स. १९९६-२००६) ■ सदस्य प्राकृतिक श्रोत र साधन (ई.स.१९९६-२००६) ■ सचिव - केन्द्रिय प्राकृतिक श्रोत व्यवस्थापन विभाग (ई.सं. २००९ देखि अहिलेसम्म) ■ सञ्चालक - कृषि विकास बैंक (ई.स. २००२) ■ सञ्चालक - नेपाल विद्युत प्राधिकरण (२००७) ■ संस्थापक संयोजक - एलाएन्स फर नेचरल रिर्सोस म्यानेजमेन्ट इन नेपाल (२००३ देखि अहिलेसम्म) ■ अध्यक्ष - प्राकृतिक श्रोत व्यवस्थापन समाज, नेपाल ।
५	श्री राजेन्द्र प्रसाद मुन्डडा विराटनगर ९, मोरङ्ग	संस्थापक	५४	नेपाली	१,९५,०००	एस.एल.सी.	■ सञ्चालक - देवेनरा ग्रुप - बाबा जुट मिल्स, हिमगिरी सोप एण्ड केमिकल इन्डष्ट्रिच प्रा.लि., इष्टर्न कलेज अफ इन्जिनियरिङ्ग प्रा.लि. ■ विभिन्न सामाजिक सेवामा संलग्न ।
६	श्री विकास दुगड जिल्ला मोरङ्ग, विराटनगर-८	संस्थापक	४२	नेपाली	१,९५,०००	वि.ई. (इडष्ट्रियल, इन्जिनियरिङ्ग र व्यवस्थापन)	■ पूर्व अध्यक्ष्य - नेपाल वनस्पती घिउ, तेल निर्माता संघ ■ तत्काल पूर्व अध्यक्ष्य - ई.ओ, नेपाल ■ बोर्ड अफ गभर्नर - ब्रिटिश स्कुल, ललितपुर ■ राष्ट्रिय परिषदको सदस्य - नेपाल उद्योग संगठन ■ कार्यकारी संगठन - तेरापन्थ युवा परिषद, काठमाडौं ■ सदस्य - मारवाडी सेवा समिति ■ सदस्य - वाइपिओ नेपाल ।
७	शिरिष कुमार मुरारका थापाथली प्रशुती मार्ग, काठमाडौं	संस्थापक	३३	नेपाली	१,९५,०००	एमबिए	■ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योग स्थापनामा संलग्न ■ हाल फोन केयर नेपाल प्रा.लि. र श्री राम ट्रेड लिङ्कको सञ्चालक ■ कार्यकारी सदस्य - आईसिटी, नेपाल ।
८	श्री कुमुद कुमार दुगड जिल्ला मोरङ्ग, विराटनगर-८	संस्थापक	४९	नेपाली	२,४३,७५०	स्नाकोत्तर	■ अध्यक्ष, मनाङ्ग ट्रेड लिङ्क्स प्रा.लि. ■ सञ्चालक - नेपाल उद्योग वाणिज्य महासंघ ■ कुमारी बैंक लिमिटेड, प्राइम बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव ■ पूर्व अध्यक्ष - नेपाल फ्लोवर मिल्स संघ, नेपाली चामल, तेल, दाल उद्योग संघ ■ सदस्य - इन्टरनेशनल च्याम्बर अफ कमर्स, नेपाल राष्ट्रिय समाज, काठमाडौं, युवा संचालक संघ, नेपाल ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्वन्धित वा अन्य)
१	श्री ज्ञानेन्द्र लाल प्रधान डिल्लीबजार-१५, काठमाडौं	कार्यकारी अध्यक्ष	५५	नेपाली	४,३८,७५०	स्नातक (बि.ई.)	■ सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष भई कार्य गरिरहेको ■ बुटवल पावर कम्पनीमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव ■ भिमरुक हाइड्रो पावर प्लान्टमा अध्यक्षको रुपमा कार्यानुभव ■ नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव ■ खुदी हाइड्रो लिमिटेडमा अध्यक्षको रुपमा कार्यानुभव ■ सामाजिक संघ संस्था तथा समाज सेवाको कार्यमा संलग्न ■ FNCCI, इनर्जी कमीटी, अध्यक्ष ।
२	श्री पशुपती मुरारका प्रशुती मार्ग, थापाथली, काठमाडौं	सञ्चालक	५१	नेपाली	२,४३,७५०	स्नातक (बि.कम.)	■ अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ ■ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योगमा संलग्न ■ प्रबन्ध निर्देशक, मुरारका ग्रुप ■ सञ्चालक, एनएमबि क्यापिटल लिमिटेड ■ कुमारी बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव ■ विभिन्न कर्पोरेट सामाजिक जिम्मेवारीहरुमा संलग्न ■ सदस्य, लायन्स क्लब काठमाडौं ।
३	श्री देव किशन मुन्दडा विराटनगर-९, मोरङ्ग,	सञ्चालक	६५	नेपाली	२,४३,७५०	स्नातक (बि.कम.)	■ अध्यक्ष, देवेनरा ग्रुप ■ विभिन्न संयुक्त उद्यममा संलग्न ■ विभिन्न सामाजिक संघसंस्थाहरुमा सञ्चालकको रुपमा कार्यरत रही सामाजिक कार्यमा संलग्न ।

यस कम्पनीका कार्यकारी अध्यक्षको रुपमा श्री ज्ञानेन्द्र लाल प्रधान कार्यरत रहनु भएको छ । डिल्लीबजार-१५, काठमाडौं स्थायी बसोबास रहनु भएका श्री ज्ञानेन्द्र लाल प्रधानले विश्व विद्यालयबाट स्नातक (बि.ई.) सम्मको शैक्षिक योग्यता हासिल गर्नु भएको छ । उहाँले सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष, नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्ष, खुदी हाइड्रो लि. मा अध्यक्षको रुपमा कार्यानुभव हासिल गर्नु भएको छ ।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ :

संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित	४ (चार) जना*
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	२ (ईई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

* हाल यस कम्पनीमा एक जना सञ्चालकको पद रिक्त रहेको छ ।
सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको संथापक सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ ।तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१०. सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको ब्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. संचालन अबधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा–नोक्सान, वासलात सहितको संक्षिप्त विवरण (सहायक कम्पनी भए संमष्टिकृत रुपमा) :

वासलात

पुँजी तथा दायित्व	वास्तविक (रु.हजारमा) आ.व. २०६९/७७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	२०७२/०७३ आषाढ मसान्त*	प्रक्षेपित (रु.हजारमा)** आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
शेयर पूँजी तथा दायित्व							
शेयरधनी पूँजी कोष							
शेयर पूँजी	३,७८६	१७०,५००	१९५,०००	१९५,०००	२६०,०००	२६०,०००	२६०,०००
संचित नाफा नोक्सान	-	-	-	(२०,०८७)	२,६४४	९,६५९	१८,२३२
गैर चालु दायित्व							
मध्यम तथा दिर्घकालीन ऋणहरु	५२७,७५०	४९९,३१६	४२४,०००	३८८,२५०	३५१,२५०	३१०,५००	२६९,७५०
स्थगन कर दायित्व	२,८४३	-	-	-	-	-	-
जम्मा	५३४,३७९	६६९,८१६	६१९,०००	५६३,१६२	६१३,८९४	५८०,१५९	५४७,९८२

सम्पत्ति	वास्तविक (रु.हजारमा) आ.व. २०६९/७७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	२०७२/०७३ आषाढ मसान्त*	प्रक्षेपित (रु.हजारमा)** आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
गैर चालु सम्पत्ति							
स्थिर सम्पत्ति							
कुल सम्पत्ति	६७२,४९८	६८३,४५७	६९६,०७२	६९६,१२२	६९६,१२२	६९६,१२२	६९६,१२२
घटाउने : संचित ह्रास कट्टि	२७,३११	४०,८८२	६९,६१५	९८,१२२	१२६,३०६	१५४,२३०	१८१,९४४
खुद सम्पत्ति	६४५,१८७	६४२,५७५	६२६,४५७	५९८,०००	५६९,८१६	५४१,८९२	५१४,१७८
चालु सम्पत्ति							
आसामी	४,६२९	१८,८७४	१८,४९५	३६,४१६	१८,८८९	२०,११२	१९,९७७
निक्षेप/सापटीहरु	२६,५४९	३५,०१६	२८,६८८	२८,३५८	९२,३७५	९१,५३१	८६,५२८
बैंक तथा नगद मौज्दात	१३३	१,०१०	१,५६५	९५५	२४,१९९	८,७५५	२,८८४
जम्मा	३१,३११	५४,९०१	४८,७४७	६५,७२९	१३५,४६३	१२०,३९७	१०९,३८९
घटाउने : चालु दायित्व							
भुक्तानी दिनु पर्ने बिलहरु	१७२,८९३	३२,०७२	२०,४७१	१९,८७३	१६,२६०	१३,५८५	११,४३६
छोटो अवधि सापटी	८,७१७	२५,७५०	७०,५५०	८०,३३७	७४,६६९	६७,८८५	६३,४५८
बोनश व्यवस्था	-	-	६२	३५८	४५५	६६०	६९१
	१८१,६१०	५७,८२२	९१,०८३	१००,५६७	९१,३८४	८२,१३१	७५,५८६
खुद चालु सम्पत्ति	(१५०,२९९)	(२,९२०)	(४२,३३६)	(३४,८३८)	४४,०७८	३८,२६७	३३,८०३
संचित नाफा नोक्सान	३९,४९१	३०,१६२	३४,८७८	-	-	-	-
जम्मा	५३४,३७९	६६९,८१६	६१९,०००	५६३,१६२	६१३,८९४	५८०,१५९	५४७,९८२

नाफा–नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा) आ.व. २०६९/७७०	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	२०७२/०७३ आषाढ मसान्त*	प्रक्षेपित (रु.हजारमा)** आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
बिद्युतबाट बिक्री आम्दानी	१२,२३९	८६,४२९	९६,९७७	१०३,९६७	११६,२९६	१२१,३५१	१२०,१५५
घटाउने :							
बिक्रीको लागत	६१८	१३,३५८	१५,५२९	१३,९९५	१६,५२१	१७,३९३	१७,९३५
खुद नाफा	११,६२२	७३,०७०	८१,४४८	८९,९७२	९९,७७६	१०३,९५८	१०२,२२०
जोड :							
अन्य आम्दानी	-	९,७३८	५,५३८	४५७	-	-	-
घटाउने :							
बिक्री, वितरण तथा प्रशासनिक खर्च	६,८५८	९,४८३	१२,९००	५,८२०	१०,०८२	८,०१४	८,५३१
सचीलन मुनाफा/(नोक्सान)	४,७६४	७३,३२६	७४,०८७	८४,६०९	८९,६९४	९५,९४४	९३,६९०
घटाउने							
ब्